# थाक्रे गाँऊपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## महादेववेसी, धादिङ
## ३ नं. प्रदेश, नेपाल

**शर्तहरु :**

१. बोलपत्र फारमसाथ धरौटी वापत कवोल अंकको पाँच प्रतिशतले हुने जमानत वापतको रकम यस कार्यालयको प्रभु वैंक महादेववेशी शाखामा रहेको धरौटी खाता नं. ०६०००२०१०१११८९००००४ मा रकम जम्मा गरेको सक्कल भौचर वा सूचनामा जारी भएको मितिले कम्तिमा १२० दिन म्याद भएको यस कार्यालयको नाममा जारी गरिएको नेपाल राष्टबैंकबाट मान्यता प्राप्त क वर्गको वाणिज्य बैंकको बैंक ग्यारेन्टी (परफरमेन्ट वण्ड) पेश गर्नु पर्नेछ ।

२. ठेक्का अबधिको प्रचलित कानून अनुसार बुझाउनु पर्ने आयकर लगायतका अन्य करहरु वोलकवल कर्ता स्वंयले व्यहोर्नु पर्नेछ ।

३. वन प्राकृतिक वातावरण (भूसंरक्षण तथा वातावरणीय संतुलन) लाई हानी नोक्सानी नहुने गरी आग्राखोला, महेशखोला, कोल्पु खोलाको तोकीएको स्थानबाट ग्रावेल, ढूङ्गा, गिट्टी र वालूवा झिकी यस जिल्ला वाहिर भित्र व्यापारिक तथा निजी तथा सरकारी काममा प्रयोग हने ढूङ्गा, गिट्टी, वालुवा, ग्रावेल, इटा र रोडा समेतमा कर तथा शुल्क उठाउन पाइने छ ।

४. खानी तथा क्रसरको हकमा नियम संगत दर्ता भएको खानी तथा क्रसर मात्र सञ्चालन हुने भएकोले ति उद्योगहरुबाट उत्पादित निर्माण सामाग्रीको कर तथा शुल्क लिन पाईने छ ।

५. पुल, कल्भर्ट, कजवे, सडक, वाटो तथा सार्वजनिक निर्माण स्थलवाट दुबैतर्फ तोकिएको ५०० मिटरसम्म ढुङ्गा, गिट्टी, वालुवा, ग्रावेल र रोडा निकाल्न पाईने छैन ।

६. ढुङ्गा, गिट्टी, वालुवा, ग्रावेल र रोडा आदि सामाग्रीहरुको कारोवार गर्दा बालश्रमको प्रयोग गर्ने र वातावरणमा प्रतिकुल असर पर्ने प्रविधि अपनाउन पाईने छैन ।

७. ठेक्का पट्टामा सरकारी कार्यालयमा लगाइने, प्रयोग हुने ढुङ्गा, गिट्टी, वालुवा, ग्रावेल, इटा र रोडामा कर वा शूल्क नलाग्ने भनि सम्झौतामा उल्लेख भै यस गाउँपालिका कार्यालयको स्वीकृत पत्र प्राप्त भएकोमा वाहेक अन्य ठेक्का पट्टामा कर वा बिक्री शुल्क उठाउन पाईनेछ ।

८. ठेकेदारले प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन (IEE) वा उल्लेखित प्रावधान विपरित हुने गरी कार्य गर्न पाइने छैन ।

९. बोलपत्र स्वीकृत गर्ने आसयको सूचना प्राप्त गरी निर्धारित समयमा कार्यालयमा सम्झौता गरी सक्नु पर्नेछ । तोकिएको समयभित्र सम्झौंता गर्न नआएमा बोलपत्र दाताले राखेको धरौटी जफत हुनेछ ।

१०. बोलपत्र स्वीकृत रकम बमोजिमको प्रथम किस्ता ३० प्रतिशत रकम बुझाई सम्झौता गर्नु पर्नेछ र बाँकी अवधिको लागि वार्षिक कवोल अंकको ७० प्रतिशत बराबर रकमको २०७६ असार मसान्तसम्म मान्य अवधि भएको नेपाल राष्ट्र बैकबाट मान्यता प्राप्त क वर्गको वाणिज्य बैंकको बैंक ग्यारेन्टी (परफरमेन्स वण्ड) पेश गर्नु पर्नेछ ।

११. ठेक्काको बाँकी दुई किस्ता रकम क्रमश: दोस्रो किस्ता मंसिर मसान्त, तेश्रो किस्ता चैत्र मसान्त भित्र बुझाइसक्नु पर्नेछ ।

१२. ठेकेदारले उठाउने कर यस कार्यालयद्वारा तोकेको संकलन केन्द्रमानै उठाउनु पर्नेछ । राष्ट्रिय राजमार्ग र सहायक राजमार्गमा ढाट राखी कर उठाउन पाईने छैन ।